नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
पशु सेवा विभाग

# पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय

हरिहरभवन, ललितपुर

☎ ५५५४११२
५५५४११०
५५४२८०७ (फ्याक्स(
इमेल:dlmp@ntc.net.np

## पशु बधशाला निर्माण कार्यको सिलबन्दी बोलपत्र आब्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०६५।१०।१५)

बुटवल नगरपालिकाको सहकार्यमा बुटवल नगरपालिका देवीनगरमा पशु बधशाला तथा पशु हाटबजार निर्माण कार्य मध्य यस निर्देशनालयबाट यस आ.व. ०६५/६६मा रांगाभैंसीको बधशाला सिलबन्दी बोलपत्र आब्हान गरी निर्माण गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण ब्यबशायीहरूबाट उल्लिखित शर्तको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आब्हान गरिएको छ ।

१। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म चालु आ.व.०६५/६६ को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र, आ.व. ०६४/६५ सम्मको आयकर चुक्ता प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपीहरू सम्लग्न राखी इजाजत प्राप्त इच्छुक नेपाली निर्माण ब्यबशायी वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रितपूर्वक निवेदन दिई रू. १०००।०० राजश्व दस्तुर (फिर्ता नहुने) बुझाई यस निर्देशनालय र बुटवल नगरपालिकाको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२। खरिद भएका बोलपत्रहरू यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन दिनको १२.०० बजे भित्र यस निर्देशनालयको नाममा सम्बोधन गरी कामको विवरण बोलपत्रवालाको नाम र ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस निर्देशनालयमा मात्र दर्ता गराउनु पर्नेछ ।

३। दर्ता हुन आएका सिलबन्दी बोलपत्र सोही दिनको १४.०० बजे यस निर्देशनालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४। बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेका दिन क्रमश: माथि उल्लेख भएको समयमा खरिद दर्ता र खोल्ने काम हुनेछ ।

५। बोलपत्र फारामसाथ उल्लेख भए अनुसारका जमानत बापतको रकम यस निर्देशनालयको नेपाल बैक लि. गवाहल ललितपुर शाखामा रहेको धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर वा यस निर्देशनालयकौ नाउमा जारी भएको बोलपत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट ग्यारेन्टी (विड बन्ड) पेस गर्नु पर्नेछ ।

६। बोलपत्रवालाले बोलपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

७। बोलपत्र भर्दा दररेट स्पस्ट रूपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८। म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कार्यवाही गरिनेछैन ।

९। बोलपत्रदाताको बोलपत्र स्विकृत भएपछि स्विकृत अंकको ५ प्रतिशतले हुने रकम नियम अनुसारको बैंक परफरमेन्स बन्ड वा यस निर्देशनालयकौ नेपाल बैक लि. गवाहल ललितपुर शाखामा रहेको धरौटी खाता नं. मा रकम जम्मा गरेको सक्कल भौचर पेस गर्नु पर्नेछ ।

१०। शिलबन्दी बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरू शिलबन्दी बोलपत्रसाथ (शिलबन्दी खाम भित्र नै) पेस गर्नु पर्नेछ । ग्राह्यता सम्बन्धित कागजातमा निम्न लिखित कागजातहरूको प्रतिलिपी समावेस गर्नु पर्नेछ ।

(क) फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र

(ख) व्यबशाय दर्ताको इजाजत पत्र

(ग) मू.अ. कर र पान नं. प्रमाण पत्र

(घ) २०६५ आषाढ मसान्त सम्मको कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेस गरेको कागजात

११। बोलपत्रदाताहरूलाई आफ्नो बोलपत्र दाखिला गर्नु भन्दा पहिला निर्माण कार्यस्थलको निरीक्षण गर्नकोलागि सुझाव दिएको छ ।

१२। निर्देशनालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रूपमा गर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहनेछ ।

१३। प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूण करहरू बोलपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।

१४। यो सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

बोपत्रको संक्षिप्त विवरण

| सि.नं | ठेक्का नं. | कामको विवरण | बोलपत्र रकम ( म.अ.कर बाहेक) | धरौंटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १।०६५।६६ | पशु बधशाला तथा पशु हाटबजार कम्प्लेक्स मध्य रांगाभैंसीको बधशाला निर्माण कार्य | ५८१५१२५।०२ | कबोल अंकको कम्तिमा २.५ प्रतिशत | १०००। |